मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २७ ◆ अङ्क : ४५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ पुस १६ गते शुक्रवार (Friday, December 31. 2021) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## १५ करोड ७५ लाख हिनामिना आरोपमा पक्राउ

**मोरङ, पुस १५।** विराटनगर महानगरपालिका-७ स्थित सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको रकम हिनामिना भएको बैंकिङ कसूर मुद्दामा संलग्न रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा विराटनगर-१ बस्ने ३६ वर्षीय अमित थापामगर, ४८ वर्षीय देवीप्रसाद भण्डारी, २९ वर्षीय हिमाल भट्टराई र सोही महानगरपालिका-६ बस्ने ४७ वर्षीय नवीन सुवेदी रहेका छन्। उक्त बैंकको १५ करोड ७५ लाख ४० हजार ५ सय ७५ रुपैयाँ रकम हिनामिना भएको भन्ने जाहेरीको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले अनुसन्धानको क्रममा उनीहरूलाई पक्राउ गरेको हो।

# माओवादी नेताहरुको सम्पत्ति छानविन गर्न माग



**काठमाडौं, पुस १५।** नेकपा (माओवादी केन्द्र)को आठौँ राष्ट्रिय महाधिवशेनको बन्दसत्रमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पेश गरेको वैचारिक राजनीतिक दस्तावेजमाथि नेता लेखनाथ न्यौपानेले फरक मत राखेका छन्।

प्रतिवेदनमाथिको समूहगत छलफलका क्रममा नेता न्यौपानेले दस्तावेज अपूर्ण रहेको भन्दै १० बुँदे फरकमत राखेका हुन्। नेता न्यौपानले राजनीतिक दस्तावेजले विचार, दृष्टिकोण र दिशा समात्न नसकेको, नेपाली समाजको अन्तरविरोध, वर्ग सम्बन्ध र संघर्ष, उत्पादन प्रणाली, उत्पादनको साधनमाथिको स्वामित्व र वितरण प्रणालीबारे ठोस् विश्लेषण गर्न नसकेको टिप्पणी गरेका छन्।

उनले पार्टीमा कार्यशैलीगत समस्या देखिएको, नैतिकताको र आचरणको अभाव, सामन्ती र बुर्जुवा चिन्तन पद्धति हाबी रहेको भन्दै पार्टी तीव्ररुपमा दक्षिणपन्थी दिशामा अगाडि बढिरहेकाले त्यसको जिम्मेवारी नेतृत्वले लिनुपर्ने फरक मतमा राखेका छन्।

शान्ति प्रक्रियामा आएपछि तीनपटक पार्टीले सरकारको नेतृत्व गरेको, पटक-पटक पार्टी सरकारमा सहभागी भएको,

*(बाँकी अन्तिम पृष्ठमा)*

## हिउँ परेपछि पाथीभरा आउने प्रभावित



**ताप्लेजुङ, पुस १५।** गत मंगलबार र बुधबार भएको हिमपातका कारण ताप्लेजुङको प्रशिद्ध धार्मिकस्थल पाथीभरा मन्दिरमा पूजापाठ गर्न आउने तीर्थयात्री प्रभावित भएका छन्।

झण्डै एक सय तीर्थयात्री

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोभिड संक्रमितको सुनामी आउने चेतावनी

**काठमाडौं, पुस १५।** डेल्टा र ओमिक्रोन भेरियन्टको मिश्रणले कोभिड घटनाहरूको एउटा डरलाग्दो सुनामी ल्याउन लागिरहेको विश्व स्वास्थ्य सङ्गठन डब्ल्यूएचओका प्रमुखले बताएका छन्।

युरोप र अमेरिकामा कीर्तिमानी सङ्ख्यामा कोभिडका नयाँ सङ्क्रमितहरू देखा परिरहँदा डा. टेड्रोस एड्हानोम गेहब्रेयससको त्यस्तो भनाइ आएको हो। अध्ययनहरूले कैयौँ देशमा निकै छिटो मुख्य भेरियन्ट बनेको ओमिक्रोन डेल्टाभन्दा मध्यम रहेको तर निकै धेरै सङ्क्रामक रहेको सुझाएका छन्। फ्रान्सका स्वास्थ्यमन्त्रीले ओमिक्रोनका हकमा अब लहर मात्र भनेर नपुग्ने बरु 'आँधीजस्तो लहर' भन्नुपर्ने बताएका छन्।


**दुई भेरियन्टको चाप**

डब्ल्यूएचओका प्रमुखले दुईवटा भेरियन्टको चुनौतिले समग्र घटनाको चाप बढाएको भन्दै चेतावनी दिएका छन्। डा. टेड्रोस एड्हानोम गेहब्रेयससले भने- थकित स्वास्थ्यकर्मीमा यसले निकै उच्च चाप थप्नेछ र थपिसकेको पनि छ। र स्वास्थ्य प्रणालीहरू काम गर्न नसक्ने अवस्था नजिक पुगेका छन्। रोयटर्स समाचार संस्थाका अनुसार विश्वभरि यतिखेर दैनिक झन्डै नौ लाख सङ्क्रमित थप भइरहेका छन्।

अमेरिकाका शीर्ष सङ्क्रामक रोग विज्ञ डा. एन्थोनी फाउचीले सीएनएनसँग बोल्दै सङ्क्रमणले जनवरीको अन्त्यसम्ममा अमेरिकामा उच्च बिन्दु लिने सम्भावना रहेको बताएका छन्। फ्रान्सका स्वास्थ्यमन्त्रीले त्यहाँ बढेको सङ्क्रमणलाई 'चकित पार्ने किसिमको' बताएका छन्।

**बूस्टर अभियान**

कैयौँ देशले कोभिडको तेस्रो मात्रा खोप दिनेगरी बूस्टर अभियान शुरु गरेका छन्। जसमा यूके समेत छ जहाँ १२ वर्षमाथिका ५७ प्रतिशत मानिसले तेस्रो मात्रा खोप लिइसकेका छन्।



तर, डब्ल्यूएचओ प्रमुखले ठूलो स्तरका बूस्टर अभियानले गरीब देशमा हुनुपर्ने आपूर्ति मोडिरहेको र त्यसले 'महामारी लम्ब्याउने देखिएको' बताएका छन्।

गरीब देशहरू खोपबाट पर रहँदा त्यहाँ सङ्क्रमण फैलने र भाइरस उत्परिवर्तन हुने थप अवसरहरू सिर्जना हुने डब्ल्यूएचओ प्रमुखको भनाइ छ।

**सङ्क्रमितको कीर्तिमानी संख्या**

फ्रान्समा पछिल्लो २४ घण्टामा दुई लाख आठ हजार सङ्क्रमित पुष्टि भएका छन्। आफ्ना यसअघिका दैनिक सङ्क्रमणका कीर्तिमान तोड्ने देशहरूमा यूके, इटली र स्पेन समेत छन्।

अमेरिकामा महामारी शुरु भएयताकै उच्च दैनिक सङ्क्रमण देखा परेको छ जहाँ गत साता औसत दैनिक दुई लाख ६५ हजार सङ्क्रमित पुष्टि भएका थिए। तर, सेन्टर्स फर डिजिज कन्ट्रोल सीडीसीले अस्पताल भर्ना हुने र मृत्यु हुनेहरू तुलनात्मक रूपमा न्यून रहेको वीवीसीले जनाएको छ।



## बिर्तामोडमा मन्टेश्वरी तालिममा भर्ना खुल्यो

विगत १० वर्षदेखि मन्टेश्वरी तालिम सञ्चालन गर्द आएको र ५००० भन्दा बढी तालिम पश्चात शिक्षण पेशामा आवद्ध भएको यस बेष्ट फ्युचर मन्टेश्वरी ट्रेनिङ्ग सेन्टरमा विशेष छुटका साथ यही मिति २०७८/०९/१८ गते आइतबारबाट एक हप्ते, एक महिने तथा तीन महिने कोर्षमा भर्ना खुलेको जानकारी गराइन्छ। इच्छुकले आजै सम्पर्क गरी मौकाको फाइदा उठाउनुहोस्।

*नोटः वेष्ट फ्युचर मन्टेश्वरी स्कूलमा १८ महिनादेखि ३ वर्षसम्मका नानी-बाबुहरुका लागि* Play Group *मा भर्ना खुलेको जानकारी गराइन्छ।*

सम्पर्क फोन : ०२३-५४२६४७,
मो. ९८४९२५९७२९, ९८४१८९७४४७, ९८४२१००७६०
Email : bestfuturemtcbn@gmail.com

## विरामी वर्गहरुमा खुशीको खबर



**डा. समिर पौडेल**
M.B.B.S. (MD) Internal Medicine (T.U.T.H
DM (Cardiology) NAMS, Bir Hospital
NMC-4515



**बरिष्ठ मुटु रोग विशेषज्ञ**

काठमाडौं वीर हस्पिटलबाट यसपटक पुस २४ गते शनिबार बिहान ८ देखि ४ बजेसम्म। टेलिफोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ।

**प्रान्जल फार्मेसी**

बिर्तामोड, अदुवा पुल छेऊ, झापा (०२३-५४४८२२, ९८४२६५४३२५)

नोटः यहाँ प्याथोलोजी ल्याब, Digital X-ray तथा Video X-ray दैनिक सेवा उपलब्ध छ।



# खुदुनाबारीको गुम्बामा बुद्ध मूर्तिको स्थापना



**अर्जुनधारा, पुस १५।** २५२६औं तमु ल्होसारको अवसरमा बिहीबार झापाको अर्जुनधारा-३ खुदुनाबारीस्थित ड्रुक नर्बु छोलिङ गुम्बामा बुद्धको मूर्ति स्थापना गरिएको छ ।

गत पुस १३ गतेदेखि लामा गुरुहरुबाट विशेष पूजापाठ गरी उक्त गुम्बामा चेङरेसी, चुम्देन्दे र गुरु रिम्पोछेको मूर्ति स्थापना गरिएको गुम्बा व्यवस्थापन समितिका सचिव धनबहादुर तामाङले जानकारी दिए । हाल अमेरिकामा रहेका डम्बरबहादुर गुरुङको परिवारबाट प्राप्त भएको दुई लाख सात हजार रुपैयाँको लागतमा धातु प्रयोग गरी निर्माण गरिएको उक्त मूर्तिहरुको तौल १८-२० केजी बराबर रहेको बताइएको छ ।

गुम्बामा मूर्तिहरु स्थापनासँगै तमु संघका अध्यक्ष डिल्लीराम गुरुङको अध्यक्षतामा आयोजित शुभकामना आदानप्रदान कार्यक्रमको उद्घाटन प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख हरिकुमार रानाले गरेका थिए ।

लामा गुरु लोभेन पासाङ सेर्पाबाट बुद्ध धर्म र तमु ल्होसारको विषयमा प्रवचन दिइएको कार्यक्रममा प्रमुख अतिथि प्रमुख रानासँगै, नगर कार्यपालिका सदस्य बलदेवसिंह गोम्देन, नेवा देय दबुका सल्लाहकार लोकमान श्रेष्ठ, मगर संघका यामबहादुर रैका मगर, तामाङ घेदुङ संघ वडा १का अध्यक्ष वीरबहादुर योञ्जन, फाल्गुनन्द मिङ्सो माङ्हिम व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मीप्रसाद इङ्नामलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

सोही कार्यक्रममा दाता डम्बरबहादुर गुरुङका सुपुत्र शिवराज गुरुङलाई गुम्बा व्यवस्थापन समितिकोतर्फबाट सम्मान पत्र प्रदान गर्दै सम्मानित गरिएको थियो । त्यस्तै कार्यक्रममा बिर्तामोड-९स्थित मानेपा संघले गुम्बा व्यवस्थापनको लागि समितिलाई नगद सात हजार आठ सय ८० रुपैयाँ हस्तान्तरण गरेको थियो ।

गुरुङ नाच, मगर समुदायको हुर्रा नाचसँगै विभिन्न सांस्कृतिक नृत्यहरु प्रस्तुत गरिएको कार्यक्रममा स्वागत मन्तव्य गुम्वा व्यवस्थापन समितिका अध्यक्ष वीर्खबहादुर गोलेले र कार्यक्रमको सञ्चालन सचिव तामाङले गरेका थिए ।

# घरमा नै सुरक्षित गर्भपतन सेवा

**झापा, पुस १५।** सरकारले विविध कारणले स्वास्थ्य संस्थामा जान नसक्ने एवम् पहुँच नै नपुग्ने विपन्न, अपाङ्ग र सीमान्तकृत समुदायलाई घरमा नै सुरक्षित गर्भपतन तथा आवश्यक परिवार व्यवस्थापन (नियोजन)का परामर्श सेवा प्रदान गर्न शुरु गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'कोभिड-१९ महामारी: प्रजनन्, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाको अन्तरिम निर्देशिका २०७७' जारी गरेको थियो । विशेष गरी महामारीमा प्रजनन, मातृ, नवजात शिशु तथा बालस्वास्थ्य सेवालाई निरन्तरता दिने ध्येयले वि.सं. २०७७ वैशाखदेखि सो निर्देशिका कार्यान्वयमा आएको थियो । निर्देशिका अनुसार ती क्षेत्रमा टेलिफोन परामर्श तथा घरदैलो सेवा प्रदान गर्न थालिएको हो । मन्त्रालय र नेपाल परिवार नियोजन सङ्घद्वारा सञ्चालित 'हट लाइन टेलिफोन सेवा' मा आएका मागका आधारमा ती क्षेत्रमा स्वास्थ्यकर्मीले सेवाग्राहीका घरघरमा सेवा पुऱ्याउँदै आएका छन् ।

यसबाट विशेष गरी परिवार नियोजनका साधनमा पहुँच अभिवृद्धि गर्न र सुरक्षित गर्भपतनलाई निरन्तरता दिन काशेढुङ्गाको काम गरेको सेवा प्रदायकको दाबी छ । अहिले पनि ती सेवा जारी नै रहेको बताइएको छ ।

परिवार कल्याण महाशाखा, परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखा प्रमुख कविता अर्यालले भनिन्- महामारीको पहिलो र दोस्रो चरणमा परिवार योजना तथा प्रजनन् स्वास्थ्य सेवामा केही असर पुगेको भए पनि अहिले पूर्ववत् सेवा सञ्चालन भइराखेका छन् । उनका अनुसार महामारीमा परिवार नियोजनको सेवाको प्रयोगदर ३९ बाट ३७ प्रतिशतमा झरेको छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार परिवार नियोजन सेवा उपभोग गरी कम्तीमा दुई वर्षको गर्भान्तर गरेमा खण्डमा १० प्रतिशत शिशु र ३० प्रतिशत मातृ मृत्युदर घट्ने जनाइएको छ । मातृ तथा बाल मृत्युदरमा कमी ल्याउन परिवार नियोजनका सेवामा पहुँच विस्तार अनिवार्य मानिन्छ ।

नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०१६-२०२१) ले मातृ मृत्युदर प्रतिएक लाख जीवित जन्ममा १२५ र दिगो विकास लक्ष्यले सन् २०३० सम्म नेपालमा नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर प्रतिएक हजार जीवित जन्ममा क्रमश : १२ र २०मा झार्ने लक्ष्य राखेको छ । ती लक्ष्य हासिल गर्न सरकारलाई चुनौति छ ।

# धरानलाई तमु ल्होसार गोल्डकपको उपाधि




**बिर्तामोड, पुस १५।** बिर्तामोडमा भएको तमु ल्होसार गोल्डकप अन्तर्राष्ट्रिय महिला नकआउट फुटबल प्रतियोगिताको उपाधि धरानले उचालेको छ ।

खेल अवधिभर दुवै टिमले गोल गर्न नसकेपछि उपाधिको नतिजाका लागि सडनडेथमा जानु परेको थियो । बिर्तामोडको डोमालाल राजवंशी रंगशालामा भएको फाइनल खेलमा पाँचथरको श्रीसिंह सिद्धदेवी डोलो क्लबलाई सुनसरीको धरान महिला फुटबल क्लबले सडनडेथमा २-१ को गोल अन्तरले गोल गर्दै उपाधि उचालेको हो ।

खेलको विजेता धरानले नगद १ लाख ११ हजार १११, ट्रफी र मेडल पाएको छ । उपविजता टोली पाँचथरले ५१ हजार १११ रुपैयाँ ट्रफी र मेडल प्राप्त गरेको छ ।

खेलका प्यलेर अफ द म्याच पाँचथरकी प्रमिला राई घोषित भइन् । त्यस्तै, प्रतियोगिता अवधिरका बेस्ड फर्वाड धरानकी समिक्षा मगर, बेस्ट मिड फिल्ड पाँचथरकी प्रमिला राई, बेस्ड डिफेन्स पाँचथरकी रोश्नी क्षेत्री, बेस्ट गोल किपर धरानकी सीमा आले मगर, बेस्ट कोच धरानकी भगवती राना मगर भए । प्रतियागिताभरिकी सर्वोत्कृष्ट खेलाडी धरानकी समीक्षा मगर भइन् ।

पाँचथरले मोरङको पथरी शनिश्चरे महिला एफसीलाई २-० को गोल अन्तरले पराजित गर्दै अन्तिम दुईमा स्थान पक्का गरेको थियो । धरानले रोयल एफसी दमकलाई टाइब्रेकरमा ३-२ गोलअन्तरले पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गरेको थियो । फाइनलिस्ट दुवै टोलीको समान संयोग के छ भने उनीहरु एकै खेल जितेर फाइनल यात्रामा सफल भएका हुन् ।

प्रतियोगितामा ६ टिमको सहभागिता रहको थियो । गुरुङ समुदायको महान चाड तमु ल्होसारको अवसरमा प्रतियोगिता आयोजना गरिएको हो । फेयर प्ले टिम आयोजक बिर्तामोड फुटबल क्लब भयो ।

बिर्तामोड फुटबल क्लबले आयोजना गरेका प्रतियोगिताका विजेता तथा उपबिजेतालाई क्लबका अध्यक्ष डीके गुरुङलगायतले पुरस्कार वितरण गरेका थिए ।

# बिर्तामोडमा 'मिट माउण्ट' सञ्चालनमा

**झापा, पुस १५।** करिब एक करोड रुपैयाँको लगानीमा बिर्तामोडमा 'मिट माउण्ट' सञ्चालनमा आएको छ ।

स्वस्थ, स्वच्छ एवम् सर्वशुलभ दरमा माछा-मासु बिक्री वितरण गर्ने उद्देश्यले चार जना महिलाले मिट माउण्ट सञ्चालनमा ल्याएका हुन् । पूर्वको प्रमुख व्यापारिक केन्द्रका रुपमा विकास भइरहेको बिर्तामोडमा हालसम्म सुविधा सम्पन्न बधशाला नभएपछि स्वस्थ र स्वच्छ माछा मासु बिक्रीका लागि रेखा कार्की रिजाल, पल्मु शेर्पा निरौला, देवीकुमारी ढकाल र हिमा दंगालको संयुक्त लगानीमा मिट माउण्ट सञ्चालनमा आएको विहीवार बिर्तामोडमा पत्रकार सम्मेलनको आयोजना गर्दै जानकारी गराइयो ।




भाउजू मिट मार्ट प्रालिद्वारा सञ्चालित 'मिट माउण्ट' मा उपभोक्ताहरुको स्वास्थ्यलाई ध्यान दिँदै स्वस्थ्यकर माछामासु विक्री गरिने पत्रकार सम्मेलनमा जानकारी दिइयो । आधुनिक प्रविधि र औजारको प्रयोग गरी स्वास्थ्य परीक्षण गरिएका र मासु शुद्धिकरण गरी उपभोक्तालाई प्रदान गरिने बताइएको छ ।

मिट माउण्ट सञ्चालनका लागि नेपाल सरकारको मापदण्ड अनुरुप करिब आठ सय वर्ग फिटमा पशुपक्षी बधशाला र करिब १३०० वर्ग फिटलाई खण्डिकृत गरी विभिन्न मासुहरुको बिक्री कक्ष निर्माण गरिएको छ ।

उपभोक्ताहरुले खसी, भेँडा-च्याङ्ग्रा, बँदेल, टर्की, अष्ट्रिज, कुखुरा, बट्टाई, हाँस लगायत विभिन्न प्रकारका माछा गरी १७ देखि २० प्रकारका माछा-मासु एउटै छातामुनि सहज रुपमा पाउने छन् । साथै, मिट माउण्टले जारी गर्ने ग्राहक कार्डका आधारमा विशेष छुट समेत प्राप्त गर्ने छन् । मिट माउण्टमा २१ जनाले प्रत्यक्ष रोजगारी समेत पाएका छन् ।

अनौपचारिक रुपमा सञ्चालनमा आइसकेको मिट माउण्टको प्रदेश नं. १का आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीले पुस १७ गते उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

## हिउँ ...

सदरमुकाम फुङ्लिङमा रोकिएका छन् । समुद्र सतहदेखि तीन हजार ४०० मिटरको उचाइमा पर्ने पाथीभरा क्षेत्रमा बाक्लो हिमपात भएसँगै पूजापाठ गर्न आउने तीर्थयात्री सदरमुकाममै रोकिएको पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतले जानकारी दिए । बाक्लो हिउँ जमेकाले तत्काल पग्लिने सम्भावना नरहेको उनले बताए । हिमपातले पाथीभरा जाने पदमार्ग पुरिएसँगै पदमार्ग खुलाउन समस्या भएको छ ।

पाथीभरा मन्दिरमा पूजापाठ गर्न विहीवार मात्रै दुई तीर्थयात्रीले दुई सहयोगी लिएर गएका छन् । मङ्गलबार हिमपातकैबीच ६० तीर्थयात्रीले पाथीभरा मन्दिरमा पूजापाठ गरेको समितिले जनाएको छ । मौसम खुल्न सकेको छैन । हिमपातसँगै अत्यधिक जाडो बढेको छ । विहीवार ताप्लेजुङको तापक्रम न्यूनतम् २ डिग्री सेल्सियस रहेको छ ।

## माओवादी ...

एउटै पात्र पटक-पटक मन्त्री बनेको भए पनि जनताले अनुभूत हुने गरी गुणात्मक काम हुन नसकेको भन्दै नेता न्यौपानेले पार्टीका तर्फबाट सार्वजनिक पद धारणा गरेका व्यक्तिको सम्पत्ति छानबिन गर्न र कारबाही गर्ने आँट गर्न माग गरेका छन् ।

फरक मतमा नेता न्यौपानले एमालेसँगको एकता सबै कोणबाट सही थियो भन्ने विषय सही नभएको, एमालेसँग चुनावी तालमेल, कार्यगत एकता सही भए पनि 'छापामार शैली'मा पार्टी एकता गर्नु सैद्धान्तिक र प्रक्रियागत रुपमा गलत भएको टिप्पणी गरे ।


## होटल बिक्रीमा

बिर्तामोड-३ सैनिकमोडस्थित चालू अवस्थाको होटल विक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

मो. ९८०६०३३१५३, ९८२६९०३२५५

## बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि

सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ ।

Opening विशेष छुट ! Opening विशेष छुट !!

# खुल्यो ! खुल्यो !! खुल्यो !!!

उपभोक्ताका लागि खुशीको खबर !

तपाईंको शहरमा पहिलो पटक-तपाईंले खोजे जस्तै, तपाइले रोजे जस्तै

**मार्ट उद्घाटन : पुस १७ गते शनिवार दिनको १ बजे**

मासुका पारखी उपभोक्तहरुले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने बाध्यताका दिन गए । उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राखी सफा र सुरक्षित वधशालामा वध गरिएका विभिन्न जातका पशुपंक्षीहरुको मासुका साथै लोकल कुखुरा र बट्टाईका अण्डा सुपथ मूल्यमा उपलब्ध गराइरहेका छौं । फ्रोजन गरी स्वस्थ्यकर बनाइएका, आधुनिक औजार प्रयोग गरी सफासंग टुक्रा बनाइएका र जीवाणुरहित बनाई प्याकेजिङ गरिएका मासुका लागि आधुनिक, व्यवस्थित र नेपाल सरकारको मापदण्ड अनुरुपको **भाउजु मिट मार्ट**द्वारा सञ्चालित **मिट माउण्ट**लाई सँधै सम्झनु होस् ।

जन्म, विवाह, भोज, चाडपर्व, पिकनिक र अन्य विषेश अवसरका साथै, होटल, रेस्टुरेन्ट, होस्टल तथा क्याटरिङका लागि विशेष छुटसहित डेलिभरीको समेत व्यवस्था छ ।

**उपभोक्ता कार्ड बनेका नियमित ग्राहकलाई विशेष छुटको अवसर प्रदान गरिएको छ ।**

**तपाईको स्वास्थ्य, हाम्रो जिम्मेवारी**

सम्पर्क तथा विक्री कक्ष :

पुरानो अन्नपूर्ण सिनेमा हल भएको छेउ, अन्नपूर्ण टोल, विर्तामोड-४

सिधा सम्पर्क : ०२३-५४१६३६/ ९८२७९५३८७०/ ९८२७९५३८७१/ ९७४६८६२९३१/ ९७४६८६२९३३

# आवश्यकता

भारतको मुम्वईस्थित रिलायन्स कम्पनीमा इण्डियन एक्स (X) आर्मी सेक्युरिटी गार्ड र सिभिल सेक्युरिटी गार्डको भारी संख्यामा माग भई आएको छ ।

जान चाहनेहरुले तु-सम्पर्क गर्नु होला । मो. ९८२६९७६६७७/+९१-८१०१९६१०८६

| विवरण | संख्या | योग्यता | खाना/बस्न | ड्युटी | तलब |
|---|---|---|---|---|---|
| इंडियन ऐक्स (X) सेक्युरिटी | केही | ऐक्स (X) डकोमेन्ट सबै | कम्पनिको नियम अनुसार | ३० दिन १२ घण्टा | ३५०००/-i.c. |
| सिभिल सेक्युरिटी | ३० जना | १२ पास ५.७ हाइट | कम्पनिको नियम अनुसार | ३० दिन १२ घण्टा | २६०००/-i.c. |
| सिभिल सेक्युरिटी | केही | १२ पास ५.७ हाइट | कम्पनिको नियम अनुसार | ३० दिन १२ घण्टा | ६५०००/- i.c. |

नोटः अन्तरवार्ता मितिः-२०७८/०९/२६ गते, समयः बिहान ११ बजेदेखि बिर्तामोडमा हुनेछ ।




# बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

# JOB OPPORTUNITY

We are on the lookout for qualified, experienced and dynamic professionals for the subsequent positions.

1. Primary Coordinator
2. Computer Science Teacher
3. Nepali Teacher

**Requirements**

- Minimum Bachelor's Degree in related area, Master's preferred.
- Minimum 3 years of working experience in English Medium Schools.
- Well Versed in latest teaching pedagogy.
- Excellent communication and interpersonal skills.
- English language proficiency for all subjects, except Nepali.

Interested candidates can apply with a cover latter and an updated CV latest by 17th Poush, 2078 to the following address.

Only short-listed candidates will be called for the interview.

**Takshashila Education Foundation**

Birtamode-6, Ghantibari, Jhapa, Nepal

(Phone :- 023-543211, Mo.: 9841457199)


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# स्वागतयोग्य सेवा

**बालबालिकामा दूरदृष्टि क्षमता कम हुँदै गएको एउटा परीक्षणले देखाएको छ । अर्बिस अन्तर्राष्ट्रिय संस्थाको साझेदारी र नेपाल नेत्रज्योति संघको सहकार्यमा भएको आँखा जाँच शिविरका क्रममा बालबालिकाको आँखा परीक्षण गर्दा यस्तो पाइएको हो । रिच प्रोजेक्ट मार्फत मेची आँखा अस्पतालले झापाका सबै पालिकामा रहेका विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुको आँखा जाँच गर्दा उनीहरुमा दूरदृष्टि क्षमता कम भएको पाइएको हो । मेची आँखा अस्पतालका मेडिकल डाइरेक्टर डाक्टर पुरुषोत्तम जोशीका अनुसार मेडिकल टर्ममा 'मायोपिया' भनिने यो समस्या ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रका बालबालिकामा बढी रहेको छ । परीक्षण कार्यक्रम सम्पन्न भएपछि मेची आँखा अस्पताल परिसरमा आयोजित समापन समारोहमा बोल्दै मेडिकल डाइरेक्टर डा. जोशीले शहरी क्षेत्रका बालबालिकाले विद्युतीय सामग्रीको बढी उपयोग गर्ने कारणले मायोपियाको समस्या बढ्दै गएको जानकारी दिए ।**

**आँखा परीक्षण गरिएका दुई लाख तीन हजार आठ सय तीस जनामध्ये अदूरदृष्टिका समस्या भएका छप्पन्न जना बालबालिकाको शल्यक्रिया गरिएको थियो । त्यस बाहेक धेरै बालबालिकामा चश्मा लगाउनुपर्ने अवस्था समेत रहेको र यसैका कारण आँखामा फुलो पर्ने, मोतीविन्दू र आँखा नै टेढो हुने समस्या पनि देखिएको कार्यक्रममा जानकारी दिइयो । त्यसो त यस्तो समस्याका पछि अस्वस्थकर जीवनशैली, खानपान पनि उत्तिकै जिम्मेवार हुन सक्छन् । तर, आधुनिकताले ल्याएको सेवा र सुविधा अदूरदृष्टि हुनुको मुख्य कारण रहेको परीक्षणले देखाएको छ । त्यसमाथि विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणका कारण बन्दाबन्दी भई शिक्षण संस्थाहरुले अनलाइन कक्षा सञ्चालन गर्दा मोबाइल, ल्यापटप वा कम्प्युटरको बढी प्रयोग पनि समस्याको मूल कारण हो ।**

**मेची आँखा अस्पतालले सन् २०१८ देखि नै रिच प्रोजेक्ट मार्फत झापाका विद्यालयमा अध्ययनरत् विद्यार्थीको आँखा जाँच गर्दै आएको छ । यसैक्रममा यस वर्ष जाँच गरिएका मध्ये छ हजार दुई सय पञ्चानब्बे जना बालबालिकालाई चश्मा निःशुल्क वितरण गरिएको र चार हजार सात सय पैंसठ्ठी जनालाई अस्पतालमै लगेर थप परीक्षण गरिएको थियो । विश्वव्यापी रुपमा बालबालिकाको आँखा जाँचका लागि दक्ष जनशक्ति उत्पादन गर्दै तालिम र विभिन्नखाले कार्यक्रम सञ्चालन गर्दै सामाजिक उत्तरदायित्व समेत निर्वाह गरिएको अस्पतालका मुख्य प्रशासक सुरज रौनियारले बताएका छन् । स्थानीय पालिकासँग सम्झौता गरी सञ्चालन गरिएको आँखा जाँच शिविरले आँखाको स्वास्थ्यप्रति सचेतना सँगै उपचार सेवा पनि प्रदान गरेको छ । यस्तो कार्यक्रमलाई सबैको पहुँचमा पुर्‍याउन पालिकाहरुले पनि अग्रसरता देखाउनुपर्छ । आँखा मानिसको सबैभन्दा महत्वपूर्ण अङ्ग भएकाले यसको सुरक्षामा व्यक्ति स्वयम् पनि सजग र सचेत हुनुपर्छ ।**

# कृषि पर्यटनसँग जोडिएको अर्थतन्त्र



धर्मराज भट्टराई

मानवीय इच्छा र चाहना परिवर्तनशील छन् । एउटै वातावरण, दृश्य र परिस्थितिले सधैँभरि सन्तुष्टि दिइरहन सक्दैन । नयाँ खोज-अनुसन्धान, नवीनतम् प्रयोग र फरक अनुभव प्राप्त गर्न खोज्नुलाई सामान्य मानवीय व्यवहारका रूपमा लिन सकिन्छ । पर्यटन क्षेत्रमा पनि समय अनुसार पर्यटकका रुची एवम् इच्छा परिवर्तन हुँदै गएका छन् । केही समय पहिलेसम्म पर्यटनस्थल भन्ने बित्तिकै मठ-मन्दिर, कलात्मक भवन, दरबार, संग्रहालय, संरक्षित क्षेत्र, निकुञ्ज, भौगोलिक दृश्य आदिलाई मात्र लिने गरिन्थ्यो । बदलिँदो समय सँगसँगै पर्यटन स्थलको दायरा पनि फराकिलो हुँदै गएको छ । पछिल्लो समय कृषक र कृषि गतिविधिसँग सम्बन्धित कृषि पर्यटनको लोकप्रियता पनि बढ्ने क्रममा देखिन्छ ।

कृषि पर्यटनलाई व्यवसायिक कृषि उद्यमको रूपमा लिन सकिन्छ । यसले कृषि उत्पादन र प्रशोधनलाई पर्यटनसँग जोड्छ । पर्यटकलाई मनोरञ्जन र शिक्षा दिने उद्देश्यले गरिने हरेक कृषि व्यवसाय र योसँग सम्बन्धित विभिन्न क्रियाकलाप नै कृषि पर्यटन हो । कृषि पर्यटनले किसान र पर्यटकलाई जोड्ने भएकाले पर्यटनबाट हुने कुनै पनि आम्दानीले किसानलाई प्रत्यक्ष फाइदा पुर्‍याउँछ । यसले किसानको आय मात्र बढाउँदैन, वरपरको ग्रामीण क्षेत्रको विकास र ग्रामीण अर्थतन्त्रको पुनरुत्थानमा पनि महत्वपूर्ण योगदान पुर्‍याउँछ ।

नेपालमा दुईतिहाइभन्दा बढी जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गर्छन् र ती मध्ये अधिकांश कृषिमा निर्भर छन् । कूल जनसंख्याको लगभग ६५ प्रतिशत रोजगारी यही क्षेत्रबाट सिर्जना भएको छ । तर, अझै पनि परम्परागत निर्वाहमुखी खेती नै प्रचलनमा रहेका कारण देशको कूल गार्हस्थ्य उत्पादनमा यसको हिस्सा एक तिहाइभन्दा कम छ । अर्कोतर्फ अधिकांश किसान गरिबीको रेखामुनि जीवन निर्वाह गर्न बाध्य छन् । कृषि क्षेत्र भनेको फसल उत्पादन गर्ने र त्यसको बिक्री-वितरणबाट आम्दानी प्राप्त गर्ने क्षेत्र मात्र हो भन्ने एकतर्फी सोचका कारण अधिकांश किसानले यो क्षेत्रबाट आर्जन गर्न सक्ने अतिरिक्त लाभ लिन सकिरहेका छैनन् ।

कृषि क्षेत्रमा वस्तु उत्पादन बाहेक विशेष उत्पादन विधि, खेती प्रणाली र प्रशोधन जस्ता क्रियाकलापले पर्यटकलाई आकर्षित गर्न सकिन्छ । यो प्रत्यक्ष/परोक्ष रूपमा पर्यटनको अन्य स्वरूप जस्तै ग्रामीण पर्यटन, जातीय वा सांस्कृतिक पर्यटन, खेलकुद पर्यटन, साहसिक पर्यटन आदिसँग पनि जोडिएको हुन्छ । किनकि सबै प्रकारका पर्यटकका लागि खाद्यान्न आपूर्ति कृषि क्षेत्रबाट नै हुन्छ ।

कृषि पर्यटनसँग सम्बन्धित स्पष्ट योजना नदेखिए पनि विकसित देश भने यसमा गम्भीररूपमा लागीपरेका छन् । संयुक्त राज्य अमेरिकामा कृषि पर्यटन अन्तर्गत आफ्नो बाली आफ्नै छान्नु हो जस्ता उत्सव आयोजना गरिन्छ । यस्तै क्रिसमस ट्रिको बिक्री, घाँसको सवारी, शैक्षिक कार्यक्रम, चिडियाखाना र विभिन्न प्रकारका विशिष्ट कृषि फार्मको सिर्जना गरी पर्यटकलाई आकर्षित गर्न खोजेका हुन्छन् । त्यहाँ आउने अधिकांश पर्यटक कृषि गतिविधिको अवलोकन वा मनोरञ्जन वा शैक्षिक उद्देश्यका लागि फार्म भ्रमण गरेको पाइन्छ । यसबाट किसानले मनग्ये लाभ लिइरहेका छन् । यस्तै जापान र इटालीका किसानले आफ्ना आगन्तुकलाई सेवा दिन स्थानीय खाना, खेतीका लागि प्रयोग गरिने परम्परागत प्रविधि, मूर्त र अमूर्त ग्रामीण सम्पदा, कृषि उत्पादन अन्तर्गत बहु-फसल प्रणालीका अनुभव साटासाट गरेर पर्यटकलाई आकर्षित गरेको पाइन्छ ।



पछिल्लो समय विश्वका प्रमुख कृषि पर्यटन गन्तव्यमा ताइवानको चिया र उखु खेती, फलफूलका साथै होमस्टे व्यावसाय, इटालीको स्थानिय टमाटर, जडीबुटी र चीज उत्पादन, ब्राजिलको स्वदेशी वनस्पति संरक्षण अभियानका, फिलिपिन्सको अर्किड फार्म, मौरी फार्म, ड्रागन र पपिता जस्ता फलहरूको उत्पादन, संयुक्त राज्य अमेरिका अन्तर्गत क्यालिफोर्नियाको प्रसिद्ध वाइन, एभोकाडो फार्म, मत्स्यपालन, यस्तै हवाई शहरको उष्णकटबन्धीय वृक्षरोपण र कफी बगान, इजरायलको खेती प्रणाली, श्रीलङ्काको मसला पर्यटन आदिले विश्वका कृषि पर्यटकको ध्यान केन्द्रित गर्न सफल भएका छन् ।

नेपालमा केही सीमित कृषि गतिविधि मात्रै उपलब्ध छन् । देशको पूर्वी भू-भाग अन्तर्गत भारतको दार्जिलिङ र सिक्किम नजिकको चियाबगान आन्तरिक पर्यटक माझ लोकप्रिय छ । सामान्यतयाः देशका विभिन्न भागबाट चिया खेतीलाई शैक्षिक भ्रमणको रूपमा हेर्न विद्यार्थी र सर्वसाधारण त्यहाँ जाने गर्छन् र फार्मभित्र न्यून मात्रामा मौद्रिक लेनदेन हुने गरेको चिया किसान बताउँछन् । रूपन्देहीको अस्ट्रिच फार्मले पनि केही समयदेखि चर्चामा छ । देशका विभिन्न भागबाट अस्ट्रिच चरा हेर्न मानिस यहाँ जाने गर्छन् । यी बाहेक केही ट्राभल र ट्रेकिङ कम्पनीले पर्यटन प्रवर्द्धन गर्न विभिन्न आयोजना जस्तै धान रोपाइँ महोत्सव, ग्रामीण खेत मार्फत पदयात्रा आयोजना गरेको पाइन्छ । विभिन्न संघ-संस्थाको आयोजनामा घरेलु तथा कृषि उत्पादन मेला, खाना महोत्सव, कृषि सामग्री प्रदर्शनी जस्ता आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

यी बाहेक देशका विभिन्न ठाउँमा रहेका मौरी फार्म, माछा फार्म, चरा-चुरुङ्गी फार्म, जडीबुटी फार्म, जैविक तरकारी तथा फलफूल खेती, विभिन्न हाट बजार, पोल्ट्री एक्सपो तथा प्रदर्शनी, घोडचढी र सिकारसँग सम्बन्धित क्रियाकलाप, विभिन्न जातजातिका कृषि अभ्यास, परम्परागत स्थनीय कृषि वस्तु तथा मौलिक प्रविधि, वागवानी, कृषिउपज उत्पादन क्षेत्रका बारेमा चर्चा चले पनि पूर्ण रूपमा कृषि पर्यटनकै रूपमा अगाडि बढेको पाइँदैन ।

आर्थिक वर्ष २०६३/०६४ को बजेटमा सरकारले 'एक गाउँ एक उत्पादन' अवधारणालाई राष्ट्रिय कार्यक्रममा समावेश गरेको थियो । सार्वजनिक-निजी क्षेत्रको सहकार्यमा सञ्चालित यो अवधारणाको निरन्तरताले देशका विभिन्न गाउँलाई आफ्नो छुट्टै विशिष्ट पहिचान मिलेको छ । यसले किसानमा छुट्टै उत्साह थपेको छ । त्यसैगरी २०६६/०६७ को स्मार्ट कृषि कार्यक्रमले नेपालमा विदेशी विज्ञलाई भ्रमण गराउन सफल भएको थियो । देशका विभिन्न गाउँ जस्तै कैलालीको घोडाघडी, सुनसरीको माछामरा, उदयपुरको रौतामाई, सोलुखुम्बुको पाटले, नुवाकोटको ककनीमा सामुदायिक कृषिको सुरुवात गरी कृषि र पर्यटनलाई जोड्ने प्रयास गरेको पाइन्छ । सरकारले विभिन्न समयमा घोषणा गरेका पर्यटन गाउँ कार्यक्रमले स्याङ्जाको सिरुबारी, लमजुङको घलेगाउँ र घनपोखरा, काभ्रेपलाञ्चोकको बल्थली, चितवनको चेपाङ गाउँ, तनहुँको बन्दीपुर, कास्कीको घान्द्रुक पर्यटकको रोजाइमा परेका छन् । यो ग्रामीण भेगका मानिसका लागि रोजगारी र आयको मुख्य स्रोत बनेको छ ।

देशको सामाजिक आर्थिक रूपान्तरणमा पर्यटन क्षेत्रले महत्वपूर्ण भूमिका खेल्छ । नेपालको कूल गार्हस्थ्य उत्पादनमा भने यो क्षेत्रले पाँच प्रतिशत पनि ओगट्न सकेको छैन । देशले नयाँ पर्यटन गन्तव्यको खोजी गरिरहेको समयमा कृषि पर्यटन एउटा बलियो विकल्प बन्न सक्छ । भौगोलिक विविधता र विशिष्ट धरातल संरचनाले गर्दा नेपाल कृषि जैविक विविधताले सम्पन्न र सुशोभित छ । भौगोलिक शान्त दृश्य र परिदृश्य, प्राकृतिक र मानवनिर्मित स्रोतसाधनको आदर्शतम् उपयोग गरी कृषि पर्यटनलाई अघि बढाउन सकिने प्रबल सम्भावना छ ।

समुन्द्री सतहबाट संसारको सबैभन्दा उचाइ हिमालमा फल्ने धान, जडीबुटीदेखि होचो भाग तराईमा उत्पादन हुने नरिवल, जुटसम्मको विविधताले नेपाल एउटा विश्वमै कृषि पर्यटनको प्रमुख गन्तव्य बन्न सक्छ । यसका लागि सरकारी र निजी दुबै पक्षको सहकार्य आवश्यक छ । कृषि पर्यटनलाई किसानको वैकल्पिक आम्दानीको स्रोतको रूपमा स्थापित गर्ने सम्भावना मात्र होइन यसले ग्रामीण क्षेत्र र पुरै देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्नसक्ने विषयमा दुई मत छैन । *गोप*

# बाल विवाहमुक्त वडा घोषणा गर्ने अभियान

□ **उमानाथ भण्डारी**

**कमल, पुस १५।** कमल गाउँपालिकाको वडा नम्वर ४ ले आफ्नो वडालाई बाल विवाहमुक्त वडामा रुपमा घोषणा गर्ने अभियानलाई तीव्रता दिएको छ ।

आफ्नो वडाका कुनै पनि बालबालिकाले २० वर्षभन्दा कम उमेरमा विवाह नगरुन् भन्ने उद्देश्यले वडामा भएका प्रत्येक टोलमा पुगेर टोलबासीलाई बाल विवाहमुक्त टोल घोषणा र प्रतिबद्धता गराउने अभियान थालेको हो ।

गाउँपालिकाले आगामी फागुन मसान्तभित्रमा गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तहका रुपमा घोषणा गर्ने बताइएको छ । अभियानलाई सफल बनाउन वडा नम्वर ४ ले वडामा भएका सबै टोलमा बालक्लव गठन गरेर परिचालन भइरहेको छ । बाल विवाहमुक्त टोल घोषणा अभियानलाई तीव्रता दिएको वडा सचिव पर्शुराम तिम्सिनाले जानकारी दिए ।

'खुशी राखौं बालबालिकाको मुहार, बालमैत्री कमल समृद्धिको आधार' भन्ने नाराका साथ





अभियान सफल बनाउन बालबालिकाको सहभागिता महत्वपूर्ण हुन्छ । त्यसका लागि वडामा भएका १३ वटै टोलमा बालक्लव गठन गरेर अभियानलाई तीव्रता दिइरहेको कमल गाउँपालिका वडा नम्वर ४ का सहजकर्ता आशिष निरौला बताए ।

नेपाल सरकारले बाल अधिकारको अन्तर्राष्ट्रिय महासन्धिमा पक्षराष्ट्रको रुपमा हस्ताक्षर गरेको र बाल अधिकारका क्षेत्रमा थुप्रै कार्यक्रम गरे पनि प्रभावकारी हुन नसकिरहेको बेला स्थानीय तहले नै विभिन्न कार्यक्रम सञ्चालन गर्न थालेका छन् । पछिल्लो समय स्थानीय सरकारलाई आफै नीति बनाएर कार्यान्वयन गर्न अधिकार दिएसँगै यो अभियान कमल गाउँपालिकाले पनि शुरु भएको हो । अभियान सफल बनाउने सूचकमध्ये बाल विवाह महत्वपूर्ण सूचक भएको बाल अधिकारकर्मी सुमन ढकाल बताए ।

बाल विवाहमुक्त टोल घोषण अभियान अन्तरगत अहिलेसम्ममा वडा नम्वर ४ मा भएका १३ वटा टोलमध्ये सरस्वती, पशुपति, शान्तिपुर पाथीभरा र जोगीचौन टोलमा टोलबासीका तर्फबाट बाल विवाहमुक्त टोल घोषण प्रतिबद्धता जनाइसकेको छ भने बाँकी टोलमा समेत एक हप्ताभित्रमा अभियान सञ्चालन गरिने वडा कार्यलयले जनाएको छ ।

त्यसैगरी वडा नम्वर ३ ले समेत अभियान सफल बनाउनका लागि वडामा भएका टोल समितिका पदाधिकारीसँग छलफल तथा अन्तरक्रिया गरेको छ । आगामी पुस १८ गतेबाट प्रत्येक टोलमा पुगेर टोलबासीसँग अन्तरक्रिया गरिने वडाध्यक्ष नरप्रसाद दंगालले जानकारी दिए ।

बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा अभियानलाई सफल बनाउन लागि बाल बचावटका १४, बाल संरक्षण सम्बन्धी १०, बाल विकासका छ, बाल सहभागिता छ, संस्थागत सूचक १५ वटा गरी जम्मा ५१ वटा सूचक पूरा गर्नुपर्ने हुन्छ ।

गाउँपालिकालाई आगामी फागुन मसान्तसम्ममा बालमैत्री घोषणा गर्नेगरी कार्यक्रम सञ्चालन भइरहेको छ । सबैभन्दा पहिले बालमैत्री घोषणा गर्ने वडालाई विकास बजेट बाट १० लाख रुपैयाँ र सबैभन्दा पहिले बालमैत्री घोषणा गर्ने सामुदायिक विद्यालय अन्तर्गत पहिलो हुनेलाई एक लाख ५० हजार रुपैयाँ, दोस्रोलाई एक लाख रुपैयाँ र तेस्रो हुने विद्यालयलाई ५० हजार रुपैयाँबाट प्रोत्साहन स्वरुप नगद प्रदान गरिने समेत गाउँपालिकाले जनाएको छ ।

# बंगुर फार्मको अनुगमन गर्दै नगरपालिका



**बिर्तामोड, पुस १५।** बिर्तामोड नगरपालिकाले बंगुरपालन गर्दै आएका वडा नम्बर १० गौरव टोलका कृषककोमा पुगेर अनुगमन गरेको छ ।

नगर प्रमुख ध्रुवकुमार शिवाकोटी, उपप्रमुख पवित्रा महतारा प्रसाई, प्रमुख प्रशासकीय अधिकृत गणेशप्रसाद दाहाल, पशुपन्छी तथा मत्स्य विकास शाखाकी प्रमुख सावित्रा दाहाल लगायतको टोलीले अनुगमन गरेको हो ।

आर्थिक वर्ष २०७७/०७८ को शर्त अनुदान अन्तर्गत केन्द्रबाट आएको १० लाख र कृषक समूहको १० लाख रुपैयाँ गरी लागत साझेदारी कार्यक्रमका रुपमा सञ्चालन हुँदै आएको बंगुर प्रबर्द्धन कार्यक्रममा १५ जना कृषक सहभागी रहेका छन् । ६५ हजार रुपैयाँ प्रति गोटाका दरले खोर निर्माण गरेर कृषकहरुले उन्नत जातका बंगुरहरु पाल्दै आएका हुन् ।

नगर उपप्रमुख पवित्रा महतारा प्रसाईंले अनगुमनका क्रममा कृषकहरुले सफा र व्यवस्थित ढंगले बंगुरपालन गरेको देख्दा खुशी लागेको बताइन् । उनले बंगुरको उत्पादन बढाउनका लागि कृषि क्षेत्रमा अझै योजना बनाउनुपर्ने आवश्यकता रहेको र यसलाई अघि बढाइने उनको भनाइ छ ।

कृषकहरुले उन्नत जातका ल्यान्डेर्स, ड्युरोक, चाइनिज गोल्डेन र पाखीबास कालो जातको बंगुरपालन गर्दै आएका छन् । चाँडै फस्टाउने, धेरै बच्चा उत्पादन गर्ने र तौल पनि बढी हुने भएका कारण यी बंगुरहरु छनौटमा परेको पशुपन्छी तथा मत्स्य विकास शाखाकी प्रमुख सावित्रा दाहालको बताइन् ।

यसअघि परम्परागत तवरले बंगुरलाई डोरीले रुखको फेदमा बाँधेर पाल्ने गरेको भए पनि बंगुर प्रवर्द्धन कार्यक्रम आएपछि व्यवस्थित ढंगले आधुनिक खोरमा पालन गर्दै आएको आधुनिक कृषि तथा पशुपालन समूहका अध्यक्ष अर्जुनकुमार राईको भनाइ छ । यो कार्यक्रमबाट बंगुरपालक कृषकलाई धेरै फाइदा पुगेको भन्दै उनले अझै यस्ता कार्यक्रमहरु ल्याउनुपर्नेमा जोड दिए ।

बंगुरको मासुमा बिर्तामोड नगरपालिका आत्मनिर्भर रहेको भन्दै कृषकहरुले यसको बजार खोज्नुपर्ने बताउँदै आएका छन् । भारत, भुटान लगायतका देशमा बंगुर बजारीकरण गर्नुपर्नेमा उनीहरुको माग छ । बिर्तामोड नगरपालिकाले मेयर पकेट कार्यक्रम अन्तर्गत पनि बंगुरपालन कार्यक्रमलाई अघि बढाउँदै आएको छ ।

# कृषक समूहको सार्वजनिक सुनुवाई



**पथरीशनिश्चरे, पुस १५।** नगरमा कृषि तथा पशुपंन्छी क्षेत्रको व्यावसायिक प्रवर्द्धनका लागि सञ्चालित कार्यक्रम अन्तर्गत वडा नम्बर ९ स्थित महेन्द्रचोक साना किसान कृषि उत्पादक समूहले सार्वजनिक सुनुवाइ गरेको छ ।

नगर प्रमुख दिलीपकुमार राईले उक्त समूहद्वारा आयोजित कार्यक्रममा नगरमा कृषि तथा पशुपंन्छी व्यावसायको क्षेत्रमा नगरले प्रवर्द्धनात्मक कार्यक्रममा जोड दिएको बताए ।

कार्यक्रममा नगरको पशुपंन्छी शाखा प्रमुख हेमचन्द्र दहालले चुस्तदुरुस्त रुपमा कार्यक्रम सञ्चालन गर्न आग्रह गरे । समूह अध्यक्ष डिल्लीराम भट्टराईको अध्यक्षताको सम्पन्न उक्त कार्यक्रममा संविधानसभा सदस्य चण्डीप्रसाद राई, ९ नम्बर वडा सदस्य इन्द्रावती गुरुङ, नगरको कृषि शाखा प्रमुख सावित्रा कार्की लगायतको सहभागिता रहेको थियो ।

प्रदेश मै नयाँ कार्यक्रमका रुपमा दूध मिसन कार्यक्रम अन्तर्गत भैंसी प्रवर्द्धनका लागि नगरको १९ लाख ९४ हजार र समूहको पाँच लाख ९० हजार गरी २५ लाख ८४ हजार रुपैयाँ रहने छ । जसमा, १५ वटा भैंसी, एउटा राँगो, दूध चिस्याउने चिलिङ भ्याटसहित खरिद तथा तालिम र औषधिका कार्यक्रम समेटिएका छन् ।

# वन क्षेत्रमा भेटिएकी युवतीको मृत्यु

**पथरीशनिश्चरे, पुस १५।** मोरङको पथरीशनिश्चरेस्थित डाँस मोरङगी सामुदायिक वन क्षेत्रमा भेटिएकी युवतीको मृत्यु भएको छ।

सुन्दरहरैँचा नगरपालिकास्थित सलकपुरमा बस्दै आएकी १९ वर्षीया ती युवतीको मृत्यु भएको इलाका प्रहरी कार्यालय पथरीले जनाएको हो।

खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ स्थायी घर भई हाल सलकपुरस्थित काका डिल्लीराम आचार्यको घरमा बसी कृषि विषय अध्ययन गरिरहेकी कमला आचार्य पुस १० गते शनिबार साँझबाट हराइरहेकी थिइन्। उनलाई १३ गते सोमबार पथरीशनिश्चरे नगरपालिकामा पर्ने जङ्गल क्षेत्रमा रहेको मोरङी पुल छेउमा स्थानियले देखेपछि प्रहरीलाई खबर गरेका थिए।

उनले मुसा मार्ने औषधि सेवन गरेको पाइएपछि उपचारार्थ विराटनगरस्थित विराटनगर अस्पताल (विराट नर्सिङ होम) पठाइएको थियो।

उनको उपचारकै क्रममा उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय पथरीशनिश्चरेले जनाएको छ। कार्यालयका अनुसार जिल्ला प्रहरी कार्यालय मोरङको सक्रियतामा मृतक युवतीको शव पोस्टमार्टम गरी विस्तृत अनुसन्धान अगाडि बढाइएको र मृत्युको कारण खुल्न नसकेको प्रहरीले जनाएको छ।


## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस्।



सम्पर्क: ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## आवश्यकता

यस कम्पनीलाई कार्यालय सञ्चालन र शाखा विस्तारका लागि केही कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला।

**पद:** P.R.O. / MR
**योग्यता :** SEE / +2, सो सरह
**तलब:** १५०००।-
**कागजात:** नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्र, पीपी साइजको फोटो ५ प्रति।

सम्पर्क: **ग्रीन मार्ट प्रा. लि.**
बिर्तामोड-५, झापा शनिश्चरेरोड
फोन : ९८६६६७२५७९, ९८२९३१८७३६

## कर्मचारी चाहियो

एक नयाँ सैलुनका लागि कपाल काट्न जान्ने अनुभवी नाइ आवश्यकता परेकोले दक्ष व्यक्तिले तु-सम्पर्क गर्नुहोला।
सम्पर्क :- ९८०३४०१९७०

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस्।



सम्पर्क:
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

स्व. हरिप्रसाद सापकोटाको छोरी स्व. तेज बहादुर तामाङ्को श्रीमती १ नं. प्रदेश इलाम जिल्ला सूर्योदय नगरपालीका वडा नं. १२ बस्ने साधना सापकोटा तामाङ्ग भन्ने साधना सापकोटाले यस बिर्तामोड शाखामा खाता नं. १८२१५२४००२५४५५ संचालन गर्दै आउनु भएकोमा मिति २०७८/०६/३० मा निज खातावाला साधना सापकोटा तामाङ्ग भन्ने साधना सापकोटाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने सरोज तामाङ्गले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम** निज मृतक साधना सापकोटा तामाङ्ग भन्ने साधना सापकोटाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको बिर्तामोड शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

बिर्तामोड शाखा
बिर्तामोड, झापा
फोन नम्बर :- ०२३-५३०९१०

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

स्व. महासिंह तामाङ्गको नाति स्व. रनबहादुर तामाङ्गको छोरा १ नं. प्रदेश झापा जिल्ला भद्रपुर नगरपालीका वडा नं. ०६ बस्ने बिरख धोज तामाङ्गले यस बिर्तामोड शाखामा खाता नं. १८२१५२४००४५४५४ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७७/०५/२४ मा निज खातावाला बिरख धोज तामाङ्गको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको पत्नि नाता पर्ने श्रीमती जुद्धमाया तामाङ्गले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम** निज मृतक बिरख धोज तामाङ्गको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स(प्रमाण दाबी गर्न यस बैंकको बिर्तामोड शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

बिर्तामोड शाखा
बिर्तामोड, झापा
फोन नम्बर :- ०२३-५३०९१०


## खुल्यो ! खुल्यो !! खुल्यो !!!

पर्फेक्ट ट्रेनिङ सेन्टरद्वारा

दक्ष प्रशिक्षकबाट सेक्युरिटी ट्रेनिङ्ग तथा ड्राइभिङ्ग ट्रेनिङ्ग तालिम पश्चात रोजगारीको व्यवस्था साथै विभिन्न ठाउँको लागि २० पुरुष र २० महिला सेक्युरिटी गार्ड आवश्यक भएकाले इच्छुकले तु-सम्पर्क गर्नुहोला।



फोन : ९८०४९०५३१३, ९८२५९३४०१७, ९८०४७७१५६८, ९८५२६९००८७
स्थान : सुगम पम्प दक्षिण, देवी कलेज जाने बाटो स्यालडाँगी

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## कर्मचारी आवश्यकता

यस नटराज एग्रो प्रा. लि.का लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

**पद : लेखापाल** **संख्या:** ३ जना
**योग्यता :** बी.बी.एस. पास
**पद :** सहायक लेखापाल **योग्यता:** बी.बी.एस.वा सो सरह
*सम्बन्धित काममा अनुभवीलाई प्राथमिकता दिइनेछ।*
**तलब :** आपसी समझदारीमा

सम्पर्क : **उपकार ब्राण्ड**
नटराज एग्रो प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
फोन नं. : ९८६२२७४४०५, ९८२०७१६११३

## डाक्टर आउने बारेको सूचना

**डा. दिपायन पाण्डे**
MBBS, M.D.
वरिष्ठ छाला तथा सौन्दर्य रोग विशेषज्ञ
प्रत्येक विहीवार
११ बजेदेखि
डल्फिन स्कीन हस्पिटलबाट

**डा. मुक्ति आचार्य**
MBBS, M.D. (KU)
वरिष्ठ मानसिक तथा नशा रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो
र तेस्रो शनिवार
नोबेल मेडिकल कलेजबाट

## मेडिसिटी फार्मेसी

भद्रपुर रोड, बैंक अफ काठमाडौं छेऊ बिर्तामोड
फोन : ०२३-५४१३५९, ९८५२६८२८४५

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्क: ९८१४९९३७१२,
९८२४९८११७४,
९८४२६७७८५५,
९८६२६४८२८२

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:00 बजेदेखि मेची अञ्चल अस्तालबाट

सम्पर्क : **कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर**
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५

*नोट: यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ।*

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## डा. सन्दिप चन्द्र श्रेष्ठ

**वरिष्ट फिजिसियन**
MBBS (KTM) KU. MD (JRRMMC)
वरिष्ट पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइड रोग विशेषज्ञ
**प्रत्येक दिन बिहान र बेलुका**

सम्पर्क : **सनसाइन मेडीसीन सेन्टर**
भद्रपुररोड, सानिमा बैंक अगाडि बिर्तामोड, (फोन नं.: ०२३-५३४१३२)

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


## भद्रपुर बचत तथा ऋण सहकारी संस्था लि. भद्रपुर झापाको ऋण बुझाउने बारेको सूचना

यस भद्रपुर बचत तथा ऋण सहकारी संस्था लि.भद्रपुरबाट विभिन्न मितिमा ऋण लिई भाखा नघाई सकेका तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई पटक-पटक मौखिक तथा लिखित रुपमा ऋण बुझाउन तर ताकेता गर्दा समेत अटेर गरि ऋण नबुझेको हुँदा यो सूचना प्रकाशित गरिएको छ।

यदि तपाईंले बुझाउनुपर्ने रकम नभएमा प्रमाण पेश गर्नु होला वा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा ऋण बुझाउन ल्याउनु होला। अन्यथा थप कारवाही अगाडि बढाई ऋण असुली गरिने व्यहोरा जानकारी गराइन्छ। साथै यसरी पत्रिकामा नाम प्रकाशित गर्दा तपाईंको सामाजिक इज्जतमा धक्का लाग्न गएमा तपाई स्वयम् आफै जिम्मेवार हुनुपर्ने व्यहोराको पत्र समेत तपाईंलाई बुझाइ सकिएको व्यहोरा समेत स्मरण गराउँदछौं। साथै अन्य ऋण नतिर्ने सदस्यहरुको नामावली क्रमश प्रकाशित गरिने छ।

**तपशिल**

१. ऋणीको नाम :- इन्सर मगर
२. बाबु :- कर्णबहादुर मगर
३. बाजे :- मणिलाल मगर
४. ऋण लिँदाको ठेगाना :- भद्रपुर-८ सगरमाथा (स्मार्ट मिट पसल)
५. नागरिकता अनुसार ठेगाना :- जिल्ला मोरङ, वारंगी-८ (ना.प्रा.न.०५२०५३/१०४७ मोरङ, जारी मिति २०६६/१०/०४)
६. व्यक्तिगत जमानत :- दिपकुमार लिम्बू

१. ऋणीको नाम :- शोभाकुमारी दास
२. बाबु :- गंगाप्रसाद लाल दास
३. बाजे :- प्रेमलाल दास
४. पति :- जिबन दास
५. ऋण लिँदाको ठेगाना :- भद्रपुर-८ एस पी मोड
६. नागरिकता अनुसार ठेगाना :- भद्रपुर-५ (हाल भद्रपुर-८) ना. प्रा. न. ११८० ३१४९ (२०४२/०९/०३) झापा
७. व्यक्तिगत जमानत :- जिबन दास (पति)

१. ऋणीको नाम :- बिसोकुमारी राजबंशी
२. बाबु :- झडकसिंह राजबंशी
३. पति :- कृष्ण राजबंशी
४. बाजे :- बुन्दीलाल राजबंशी
५. ऋण लिँदाको ठेगाना:- भद्रपुर-१० लेखानाथ चोक
६. नागरिकता अनुसार ठेगाना :- चन्द्रगढी-७ (हाल भद्रपुर-८) (ना.प्रा.नं. १८६०/३४४ २०४६/२/१६ झापा)
७. व्यक्तिगत जमानत :- कृष्ण राजवंशी (पति)

१. ऋणीको नाम :- प्रदिप मण्डल
२. बाबु :- किसमेसर मण्डल
३. पत्नी :- चन्द्रकला राय
४. बाजे :- राम सोभित मण्डल
५. ऋण लिँदाको ठेगाना :- भद्रपुर-४ (भद्रपुर-८)
६. नागरिकता अनुसार ठेगाना :- महेशपुर-३ झापा (ना. प्र. नं. ५७८१३९६ (२०५९/०८/०५ झापा)
७. व्यक्तिगत जमानत :- चन्द्रकला राय (पत्नी)

१. ऋणीको नाम :- शारदा पौडेल
२. बाबु :- रत्नमणि खरेल
३. पति :- लक्ष्मीप्रसाद पौडेल
४. बाजे :- बलभद्र खरेल
५. ऋण लिँदाको ठेगाना :- भद्रपुर-६[redacted]ल भद्रपुर- ७ गार्मेंट चोक )
६. नागरिकता अनुसार ठेगाना :- इट[redacted]ना. प्र. नं. ०५-०२-७१-००४१८ (२०७१/०४[redacted]
७. व्यक्तिगत जमानत :- सुमन पौडेल[redacted]


## होटल बिक्रीमा

बिर्तामोड शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि अति चालू अवस्थामा रहेको थ्री ब्रोदर्स रेष्टुरेन्ट एण्ड सेकुवा कर्नर बिक्रीमा छ।
सम्पर्क : ९८०८३२७४५०

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


## जिल्ला निर्वाचन कार्यालय

भद्रपुर, झापा

### मतदाता नामावली नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुलाई मतदाता नामावलीमा नाम दर्ता गराउने जिल्ला निर्वाचन कार्यालय झापाको अत्यन्त जरुरी सूचना

निर्वाचन आयोगको निर्णय अनुसार झापा जिल्लाका १५ वटै स्थानीय तहहरुमा मतदाता नामावलीमा नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुलाई लक्षित गरेर जिल्ला निर्वाचन कार्यालय झापाले मिति २०७८/०८/१७ गतेदेखि मतदाता नामावली नाम दर्ता टोली खटाउँदैछ। नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुले तपशिल बमोजिमको मिति र स्थानमा तद्नुरुपको कागजातहरु लिई उपस्थिति हुनका लागि अनुरोध गरिन्छ।

**तपशिल**

| क्र.सं. | स्थानीय तहहरुको नाम | कार्यक्रम सञ्चालन हुने मिति | कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|---|
| १. | बिर्तामोड नपा, अर्जुनधारा नपा, हल्दिबारी गा.पा. कमल गा.पा., शिवसताक्षी नपा र कन्काई नपा | वि.सं. २०७८/०८/१७ गतेदेखि वि.सं. २०७८/०९/०२ सम्म | सम्बन्धित स्थानीय तहको कार्यालय |
| २. | मेचीनगर नपा, बुद्धशान्ति गा.पा., कचनकवल गा.पा., गौरादह नपा, झापा गा.पा., बाह्रदशी गा.पा. | वि.सं. २०७८/०९/०४ देखि २०७८/०९/१८ गतेसम्म | सम्बन्धित स्थानीय तहको कार्यालय |
| ३. | भद्रपुर न.पा. | निरन्तर दर्ता | जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय भद्रपुर झापा |
| ४. | दमक न.पा. | निरन्तर दर्ता | इलाका प्रशासन कार्यालय दमक, झापा |
| ५. | गौरीगञ्ज गा.पा. | निरन्तर दर्ता | इलाका प्रशासन कार्यालय गौरीगञ्ज, झापा |

**आवश्यक कागजातहरु**
१. सम्बन्धित ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा- नेपाली नागरिकताको प्रमाणपत्र मात्र।
२. अन्यत्र ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा- नेपाली नागरिकताको प्रमाण पत्र र बसाइसराईको सक्कल प्रमाण पत्र।
३. विवाह गरेर आएका महिलाका लागि श्रीमान र श्रीमतीको नागरिकता तथा विवाह दर्ताको सक्कल प्रमाण पत्र।

द्रष्टव्य: बाहिर जिल्लाका योग्य मतदाताहरुको लागि सम्बन्धित जिल्लामै ठेगाना राखी नाम दर्ता गर्न चाहेमा जिल्ला निर्वाचन कार्यालय भद्रपुर झापामा मिति २०७८/०८/१७ देखि २०७८/०९/१८ सम्ममा सम्पर्क राख्नु होला।

जिल्ला निर्वाचन कार्यालय
तुलसीकुमार नेपाल : जिल्ला निर्वाचन अधिकारी



ज्यो.[redacted]डेल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
धार्मिक यात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइनेछ, पराक्रममा बृद्धि हुनेछ, शत्रुमाथी विजय प्राप्तिको योग छ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -**
मनमा ख[redacted]को छ, कार्यसिद्धीमा बाधा अड्चन [redacted]मना गर्नुपर्ला, स्वास्थ्यमा विचार पु[redacted]

**मिथुन (**[redacted]**के, को, ह) -**
आजको [redacted] छैन, अनावश्यक यात्रा तथा खर्च[redacted]विशेष ध्यान दिनुहोला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय अत्यन्तै वलवान छ, मान सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिने छन्, लामो समयदेखि रोकिएर रहेका काम सूचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग रहेको छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ,।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वस्त्र प्राप्तिक[redacted]छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्रा[redacted]।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने स[redacted] छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन[redacted] शुभ खबर सुन्न पाइनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पु[redacted] खानपानमा ध्यान दिनुहोला। विचार पुऱ्याएर [redacted] गर्नुहोला खर्चिलो योग रहेको छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि**[redacted]
बोलीको प्रभावले आयआर्जनमा पछि परिएला, [redacted] पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय र[redacted] आउने खर्चले चिन्ता बढाउन सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
क्रोधलाई नियन्त्रणमा राख्नु होला, बोलिको [redacted] लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले स[redacted]।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
रचनात्मक काम शुरू गर्ने समय आएको छ, [redacted] कामको हौसलाले धप ऊर्जा मिल्नेछ, स्वास्थ्य[redacted] दिने समय रहेको छ।